# सिम्ता गाउपालिकाको

# जलउपयोग सिचाई गुरुयोजना

# Water Use (Irrigation) Master Plan

## सिम्ता गाउपालिका

## Simta Rural Municipality




**मुख्य प्रतिवेदन भाग-१**

२०७४/०७५

सिम्ता गाउँपालिका

# विषय सूची


*१.० पृष्ठभूमि* छ

*१.२ जलउपयोग गुरुयोजनाको उद्देश्यहरु* ट

**१.२ जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम व्यवस्थापन** ६

*१.४ जलउपयोग गुरुयोजना निर्माण अवधारणा र प्रक्रिया* 7

३.१ गाउँपालिकाको परिचय १३

३.२ क्षेत्रफल १४

३.३ भौगोलिक स्वरुप १४

३.४ वर्तमान भु उपयोग सम्बन्धि विवरण १४

३.५ सिम्ता गाउपालिका वडा अनुसार घरपरिवार संख्या र जनघनत्व १५

३.६ वडा अनुसार साक्षरता प्रतिशत १५

३.७ वातावरण तथा सरसफाई १६

३.८ कृषि सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह १६

३.९ वार्षिक कृषि उत्पादन सम्वन्धी विवरण १६

३.१० जग्गाको किसिम अनुसारको विवरण (बिघा / रोपनी) १७

३.११ गाउपालिकासंग साझेदारी गरेका संघ संस्थाहरु १७

३.१२ विशेष व्यावसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली १८

३.१३ व्यवसायिक खेती (जस्तो अर्गानिक खेती वाखापालन कुखुरापालन आदि) १८

*४ सिंचाई* 19

सिचांईको स्रोत १९

४.१ सिंचित क्षेत्रफलको विवरण १९

४.२ हाल सञ्चालनमा रहेका सिंचाई प्रणाली र सेवाक्षेत्र २०

**अध्याय पाचँ** २५

*५.१ योजना तर्जुमाका सैदान्तिक आधारहरु* 25

*५.२ कार्यान्ववयन गर्ने विधि* 26

# तालिका सूची


तालिका ज्ञ वडा स्तरिय ढोल ज्ञद्ध
तालिका द्द वडा स्तरिय ढोल ज्ञद्ध
तालिका घ जातीय समूहहरुको ३रधुरी ज्ञछ
तालिका द्ध साक्षरता ज्ञछ
तालिका छ गा.पा.मा ३रधुरीहरुको पेशागत विवरण ज्ञट
तालिका छ.ज्ञगा.पा.मा खाद्य पर्याप्तताको अवस्था ज्ञट
तालिका ट गा.पा.मा उपलब्ध मानवीय श्रोत ज्ञठ
तालिका ठ सेवा केन्द्र र सुबिधाहरु ज्ञड
तालिका ड जलश्रोतहरुको वर्गिकरण ज्ञढ
तालिका ढ क्षमताको आधारमा श्रोतहरुको वर्गिकरण द्दण
तालिका ज्ञण अवस्थितिको आधारमा पानीका श्रोतहरुको वर्गिकरण द्दण
तालिका ज्ञज्ञ पानीको गुणस्तरको आधारमा जलश्रोतहरुको संख्या द्दज्ञ
तालिका ज्ञद्द विद्यमान उपयोग अनुसार जलश्रोतहरुको विवरण द्दज्ञ
तालिका ज्ञघ संभाव्य उपयोगको आधारमा पानीका श्रोतहरु द्दद्द
तालिका ज्ञद्ध विद्यमान खानेपानी योजनाहरु द्दघ
तालिका ज्ञछ खानेपानीका लागि प्रयोग भएका श्रोतहरु द्दघ
तालिका ज्ञट सेवास्तर विश्लेषण गर्ने सूचकहरु द्दछ
तालिका ज्ञठ वडा स्तरीय हालको खानेपानीको अवस्था द्दट
तालिका ज्ञड विद्यमान खानेपानी योजनाहरुको सञ्चालन अवस्था द्दठ
तालिका ज्ञढ विद्यमान खानेपानी योजनाहरुको संस्थागत र सामाजिक पक्ष द्दठ
तालिका द्दण चर्पी, चाङ र फोहोर फाल्ने खाल्डोको विवरण द्दड
तालिका संस्थागत सरसफाई अवस्था घण
तालिका द्दज्ञ विद्यमान सिंचाई योजनाहरु घज्ञ
तालिका द्दद्द विद्यमान सिंचाई योजनाहरुको अवस्था घज्ञ
तालिका द्दघ विद्यमान सिंचाई योजनाहरुको सामाजिक र संस्थागत पक्ष घद्द

# अध्याय एक

## परिचय

## १.० पृष्ठभूमि

प्रभावकारी सहजिकरण गरी दिगो जलश्रोत विकासको लागि नेपाल सरकारले केन्द्र र स्थानीय स्तरमा धेरै किसिमका ऐन र नियमावलीहरु निर्माण गरेको छ । यी सवै ऐन कानूनहरुले जलश्रोत व्यवस्थापनको योजना र विकासमा उपभोक्ताहरुको सहभागितालाई जोड दिएका छन् । केही सान्दर्भिक ऐन र नियमावलीहरु तल दिइएको छ ।

- जलश्रोत ऐन, २०४९ र जलश्रोत नियमाली, २०५०
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- वातावरण संरक्षण ऐन, १९९७ र वातावरण संरक्षण नियमावली १९९८
- राष्ट्रिय सरसफाई गुरुयोजना २०६८

जलश्रोत ऐन, २०४९ (१९९२) ले जलश्रोतको सामुहिक उपयोगको लागि उपभोक्ता संस्था गठन गरी नियमनको लागि नेपाल सरकारको निकायमा दर्ता गर्नु पर्ने व्यवस्था गरेको छ । जलश्रोत ऐन, २०४९ को धारा ७ मा पानीको उपयोगको प्राथमिकता तोकेको छ जसमा पहिलो प्राथमिकता खानेपानी र घरायसी प्रयोजनलाई दिइएको छ भने दोश्रो प्राथमिकता सिंचाईलाई दिइएको छ । त्यसै गरी कृषि जन्य प्रयोग जस्तै पशुपालन र माछा पालन तेश्रो प्राथमिकतामा पर्दछन भने विजुली उत्पादन चौथो प्राथमिकतामा परेको छ । यस ऐनले गाउँ स्तरका आयोजनाहरु उपभोक्ता समिति द्वारा नै गराउनु पर्ने र सञ्चालन तथा मर्मतको लागि शुल्क उठाउन पाउने व्यवस्था गरेको छ ।

## १.१ जलउपयोग गुरुगोजना

विकास प्रकृयाको क्रममा स्थानीय स्तरमा स्थानीय जनताको सहभागिता, समन्वय र योजना निर्माणमा समावेश नगरेका कारणले खानेपानी आयोजनामा अपनत्व हुन सकेन (नेपाल विकास मञ्च २००४) । आयोजनामा अपनत्व नआएको कमी कम्जोरीहरुलाई महशुस गरी स्थानीय स्वायत्तताका आधारमा नेपाल खानेपानी तथा सरसफाइ नीतिमा सुधार गरी स्थानीय समुदायको भूमिका र जिम्मेवारी तोकिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले कानुनी रुपमा स्थानीय निकाय नगरपालिका र गा.पा.लाई स्वायत्त संस्था र बढी जिम्मेवारी दिएको छ जसले कर उठाउने, ऋण संझौता, सम्पत्ति राख्न पाउने व्यवस्था गरेको छ । ति निकायहरुलाई जलश्रोत संरक्षण गर्ने भूमिका र जिम्मेवारी, खानेपानी आयोजना निर्माण गर्न पाउने अधिकार समेत दिइएको छ । तीन वर्षे अन्तरिम योजना (२००७–२०१०)ले पनि उपभोक्ता समुहहरुको सहभागिता र उपभोक्ता समितिमा महिलाहरुको सहभागिता बढाएर महिलाहरुको भूमिका पनि बढाउने सुनिश्चिता गरेको छ ।

सन् १९९२ मा रियो दि जेनेरियोमा सम्पन्न संयुक्त राष्ट्र संघको वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलश्रोत व्यवस्थापन सम्वन्धी अवधारणलाई अनुमोदन गरेको छ । एकीकृत जलश्रोत व्यवस्थापन एउटा व्यवस्थित प्रक्रिया हो जसले जलश्रोत, जमिन र सम्वन्धित श्रोतहरुको समन्वयात्मक विकास एवं व्यवस्थापनलाई प्रर्वद्धन गर्दै समतामुलक ढंगले वातावरणमा असर नपर्ने गरी आर्थिक र सामाजिक कल्याणलाई बढावा दिन्छ । एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्तले पानीको व्यवस्थापन गर्दा सवै तहमा नीति निर्माता, योजनाविद र उपभोक्ताहरुको सहभागिता हुनुपर्नेमा जोड दिएको छ । आज भोलीको मौसम परिवर्ततन सम्वन्धी बादविबादले यस क्षेत्रमा धेरै समस्या ल्याउने अनुमान गरिएको छ । पानीका श्रोतहरुको प्रवाह कम हुदैं गई रहेको छ । स्थानीय स्तरमा पानीका श्रोतहरुको संरक्षण, वर्षातको पानी सङ्कलन र पानीको सही उपयोग नै मौसम परिवर्तनसंग अनुकुलन हुने सही उपायहरु हुन् ।

नेपाल सरकारका नीति नियमहरु, अन्तर्राष्ट्रिय स्तरमा भएका छलफल, एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम र यस क्षेत्रमा प्राप्त भएको अनुभवको आधारमा विभिन्न संस्थालै जलउपयोग गुरु योजना(Water Use Master Plan) को पद्धतिलाई अंगाल्दै आएको छ। यो पद्धति शुरुवातको अवस्थामा सम्बन्धित विकासका गतिविधिहरुलाई समन्वय

गर्न गा.पा. स्तरको जलश्रोत व्यवस्थापन समिति(WRMC) संग कार्यान्वयनमा ल्याइएको थियो । पछि आएर समन्वय समितिको महत्वलाई आत्मसात गर्दै राष्ट्रिय सरसफाई गुरु योजना २०११ ले पनि विभिन्न स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति(V-WASH-CC) को प्रावधानको व्यवस्था गरेको छ ।

जलश्रोत व्यवस्थापनका मुद्दालाई सल्ट्याउन यो जलउपयोग गुरुयोजना स्थानीय स्तरमा आवश्यकता महशुस गरिएको विषय हो । जलश्रोतको योजना तयार गर्न यो एउटा एकीकृत, सहभागितात्मक र समाबेशी पद्धति हो । यो प्रकृयाले स्थानीय स्तरमा पानीको पर्याप्तता र पानीको आवश्यकतालाई सुनिश्चिता गर्दछ साथै स्थानीय समुदायमा पिछडिएका समुहहरुलाई आफ्नै समुदाय वा समुदाय समुदायको बीचमा पानीको समानुपातिक वितरणको लागि अधिकार र शसक्तिकरणको लागि साझा थलो प्रदान गर्दछ । गा.पा.यो योजनाको मालिक हो । यस योजनाले लैङ्गिक र समावेशी, वातावरणीय पक्ष र मौसम परिवर्तन जस्ता विषयहरुमा समान रुपमा समुदायलाई सामाजिक सुसूचित हुन जोड दिन्छ । आधारभुत रुपमा यो गुरुयोजनालाई जलश्रोतको पर्याप्ततालाई योजना तर्जुमा गर्ने औजार (Tool)को रुपमा लिइन्छ र यसलाई जलश्रोत व्यवस्थापनको ४ भागमा बाड्न सकिन्छ । जसलाई चित्र नं. १ मा दिइएको छ ।




**खानेपानी, सरसफाई तथा स्वच्छता** : खानेपानीका योजनाहरु ( सतह, भूमिगत, वर्षात आदि)संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण आदि ।

**सिंचाई र ढल निकास :** परम्परागत र अ–परम्परागत सिंचाई योजनाहरु र ढल निकास ।

**वातावरण तथा पर्यावरण :** श्रोत संरक्षण, पानी संकलन, वन व्यवस्थापन, चरन क्षेत्रहरुको विकास, पाखो तथा गर्हा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरण सरसफाइ आदि ।

**जलशक्ति र अन्य :**परम्परागत तथा सुधारिएका पानी घट्ट, साना जलविद्युत उत्पादन, माछा पोखरी, पशु चरण पोखरी, मनोरञ्जनात्मक तथा धार्मिक पोखरीहरु आदि ।

## १.२ जलउपयोग गुरुयोजनाको उद्देश्यहरु

समग्रमा यस जलउपयोग गुरुयोजनाको उद्देश्य भनेको स्थानीय स्तरमा जलश्रोतको प्रभावकारी, समानुपातिक र  दक्ष रुपले पानीको उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले आफ्नै समुदाय भित्र र समुदाय समुदायको बीचमा जलश्रोतको सही उपयोग, समानुपातिक वितरण/बाँडफाँट दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्ने सुनिश्चितता गर्दछ । जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यस प्रकार छन् :

- जलश्रोत र यससंग सम्वन्धित संरचनाहरु/सुविधाहरु पहिचान गर्ने,
- जलश्रोत क्षेत्रका प्रचुरताका क्रियाकलापहरुको प्राथमिकता गर्ने
- जलश्रोतको क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्ने,
- गा.पा.मा स्वच्छता र पूर्ण सरसफाइ प्रवर्द्धन गर्ने,
- जलश्रोत र यस संग सम्बन्धित प्राकृतिक श्रोतहरुको संरक्षण गर्न सकिनेछ ।

### १.२ जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम व्यवस्थापन

जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भएतापनि नेपालको परिपेक्षमा पनि यो प्रमुख वातावरणीय तथा सामाजिक चुनौतीको रुपमा उभेको छ । जलवायु परिवर्तनका असरहरुको प्रभाव ग्रामीण परिवेशमा अझ बढी देखिरहेका छन्। अनियमित वर्षा, मनसुनी वर्षाको तालिकामा गडबढी, एक्कासी आउने वाढी पहिरोमा वृद्धि, नदी कटान आदि जलवायु परिवर्तनका असरहरु हुन् । यसको प्रमुख प्रभावको रुपमा पानीका मूलहरु विस्तारै सुक्दै जानु हो । अनियमित वर्षा, उच्च तीव्रताका साथ हुने वर्षा  आदिका कारण पहाडी क्षेत्रमा वर्षातको पानी सिधै बगेर जाने तथा सतहमा नछिर्ने

हुंदा जमीनमा पानीको सतह कम हुँदै विस्तारै स्रोतहरु सुक्दै गएको अवस्था छ । फलस्वरुप खोलानाला, पोखरी तथा झरनाहरुमा बिस्तारै पानीको सतह घट्दै गइरहेको छ र यसको अन्ततोगत्व प्रभावहरु खानेपानी, कृषि प्रणाली, सिंचाइ, जैविक विविधता जस्ता विभिन्न क्षेत्रमा परिरहेका छन् । यसले गर्दा स्थानीय रुपमा सिंचाईमा असर पर्न गई स्थानिय कृषकहरुको खेति प्रणालीमा असर गरेको छ । यसबाहेक मूलहरु सुक्दै गइरहेको कारण आजभोली ग्रामीण बासिन्दाहरुलाई पानी लिन पहिले भन्दा बढी हिंड्नु पर्ने अवस्था छ । यी सबै भविष्यमा हुन सक्ने थप खानेपानी संकटको संकेतहरु हुन ।

स्थानीय स्तरमा पानीका श्रोतहरुको संरक्षण, वर्षातको पानी सङ्कलन र पानीको सही तथा अधिकतम उपयोग नै मौसम परिवर्तनसंग अनुकुलन हुने सही उपायहरु हुन् र यसका निम्ति प्रभावकारी एकिकृत जलश्रोत व्यवस्थापनको टट्कारो आवश्यकता छ ।

### १.४ जलउपयोग गुरुयोजना निर्माण अवधारणा र प्रक्रिया

सिम्ता गाउँपालिका भित्रका जलाधार क्षेत्रका सम्पूर्ण आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलश्रोतका विविध पक्षहरु बीच सामन्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने एकिकृत जलश्रोत व्यवस्थापनको समष्टिगत अवधारणालाई अवलम्वन गरि सहभागितामूलक योजना तर्जुमालाई मुख्य केन्द्र विन्दु मान्दै जनसहभागितालाई महत्व दिएर जलउपयोग गुरुयोजना तयार पारिएको छ ।

वडा र गा.पा.लाई जलश्रोतहरुको योजना तर्जुमा, व्यवस्थापन र विकासका लागि योजना इकाईको रुपमा लिइएको छ । सहभागितात्मक प्रक्रियाको आधारमा गा.पा. भित्रको भौगोलिक एवम् प्राकृतिक अवस्था, जलाधार क्षेत्रहरु, विद्यमान एवम् संभावित जलउपयोग, जलश्रोतहरुको उपलब्धता एवम् विभिन्न समुदाय आदिलाई मध्यनजर गरी गा.पा.लाई उपसमितिहरुमा विभाजन गरी समुदायस्तरमा जलश्रोत व्यवस्थापन उपसमितिहरु गठन गरिन्छ । सोही अनुरुप हरेक उपसमिति स्तरमा, विभिन्न छलफलसगै सामाजिक र प्राविधिक अध्ययनहरु समन्वयात्मक, सहभागितात्मक, समावेशी एवम् पारदर्शी प्रक्रियाबाट सम्पन्न गरी गरी जलउपयोग गुरुयोजना तयार गरिएको छ । वर्तमान अवस्थामा सरकारी, अर्धसरकारी, गैर सरकारी निकाय र संघ/संस्थाहरुबाट जलउपयोग गुरुयोजनालाई एकातर्फ गा.पा.को जलश्रोत व्यवस्थापन र दिगो विकासका लागि आवश्यक एक महत्वपूर्ण औजारका रुपमा अंगिकार गर्न थालिएको छ। त्यसैले जलउपयोग गुरुयोजना तर्जुमाको प्रक्रियामा विगतको अनुभव र सिकाईलाई पुनरावलोकन गरी गर्दै गुरुयोजना निर्माण प्रकियामा स्थानिय जनशक्तिहरको परिचालनमा विशेष जोड दिई यो गुरुयोजना निर्माण गरिएको छ ।

# अध्याय दुई

## परिचय

## सिंचाइ नीति, नियमावली, रणनीति र योजनाहरु

### २.० सिंचाइ विकाससंग सम्वन्धित नीति, नियमावली, रणनीति र योजनाहरु

सिंचाइ विकासमा संलग्न विभिन्न निकायहरुकोउद्देश्य प्राप्तिका लागि बिभिन्न नीति, नियम, नियमावली र योजनाहरु, आदि तर्जुमा भएका छन्। यस सन्दर्भमा उपलव्ध जलस्रोतलाईदिगो रुपलेबिकास तथा व्यवस्थापन गर्नका लागि नेपाल सरकारलेराष्ट्रिय जलस्रोत रणनीति परिमार्जित छाता नीतिकोरुपमा विकास गरेकोछ । जलस्रोत रणनीति २०५७ तथा राष्ट्रिय जल योजना २०६२ समेतमा आधारित रही सिंचाइ नीति तथा नियमावलीमा पनि संशोधन गरी वि.सं. २०६० देखि लागुगरिएकोथियो। सिंचाइ नीति २०६० लाईअझ परिमार्जन गरी सोनीति तथा नियमावलीको नियमहरुकोसम्वन्धित निकाय, संस्था तथा व्यक्तिहरुलाईअझ जिम्मेवार तथा जवाफदेही वनाउन सिंचाइ नीति २०७० मिति २०७० श्रावण २ गतेमन्त्री परिषद्बाट स्वीकृत भईलागुगरिएकोछ ।

### २.१ सिंचाइ नीति, २०७०

नेपाल सरकारलेविगतमा कार्यान्वयनमा ल्याएका सिंचाइ विकासका योजना तथा कार्यक्रमहरु (ईरिगेशन लाईन अफ क्रेडिट, सिंचाइ सेक्टर आयोजना, नेपाल सिंचाइ सेक्टर आयोजना, दोश्रो सिंचाइ सेक्टर आयोजना, सिंचाइ व्यवस्थापन हस्तान्तरण योजना, आदि सम्पन्न भएका र ती सम्पन्न आयोजनाहरुकोअनुभवकोआधारमा मौजुदा सिंचाइ नीतिमा आवश्यक परिमार्जन गरी नयाँसिंचाइ नीति लागुगर्नुपर्नेआवश्यकता महसुस भएर नेपाल सरकारलेसिंचाइ नीति, २०७० तयार पारी कार्यान्वयनमा ल्याएकोछ ।

सिंचाइ नीति २०७० देहाय वमोजिमकोअवधारणामा आधारित छ :

- वर्षैभरी सिंचाइ सेवा उपलव्ध गराउनका लागि वहुउद्देश्यीय लगायत सतह सिंचाइ, भूमिगत जल सिंचाइ, नया"प्रविधिमा आधारित सिंचाइ, लिफ्ट सिंचाइ प्रणालीकोविस्तार, प्रवर्द्धन तथा विकास गर्ने।

  विगतमा विकास गरिएका सिंचाइ संरचनाहरुबाट वर्षैभरी सिंचाइ सुविधा उपलव्ध गराउनका लागि सम्भाव्यताका आधारमा अन्तर जलाधार जल स्थानान्तरण (Inter Basin Water Transfer) हुनेआयोजना, जलाशययुक्त (Reservoir Based) आयोजनाकोनिर्माण गर्नेतथा स्थानीय स्तरमा उपलव्ध सतह तथा भूमिगत जलस्रोतकोसंयोजनात्मक (Conjunctive Use) उपयोग गर्ने।

- सिंचाइ प्रणालीकोविकास एवंव्यवस्थापनमा जनसहभागितामूलक पद्धतिलाईप्रभावकारी रुपमा लागुगर्नउपभोक्ता संस्थालाईजिम्मेवार र उत्तरदायी तुल्याउने।
- सिंचाइ क्षेत्रकोप्रभावकारिता वृद्धि गर्नसंस्थागत सुदृढीकरण तथा जनशक्तिकोविकास र परिचालन गर्ने।
- जनसंख्या वृद्धि, आप्रवासन, जलवायुपरिवर्तन तथा जलजन्य प्रकोपका कारण पानीका स्रोत तथा तिनकोसिंचाइजन्य उपयोगमा परेकोप्रतिकूल प्रभावकोअध्ययन गरी अनुकुलनसम्वन्धी कार्यक्रमहरु संचालन गर्ने।
- जनसंख्या वृद्धि, आप्रवासन, जलवायुपरिवर्तन तथा जलजन्य प्रकोपका कारण पानीका स्रोत तथा तिनकोसिंचाइजन्य उपयोगमा परेकोप्रतिकूल प्रभावकोअध्ययन गरी अनुकुलनसम्वन्धी कार्यक्रमहरु संचालन गर्ने।

- विकेन्द्रीकरणको अवधारणा अनुरुप साना सिंचाइको विकास र व्यवस्थापनमा स्थानीय निकायकोक्षमता र संलग्नता वृद्धि गर्ने।

**सिंचाइ नीति, २०७० का निम्नलिखित उद्देश्यहरु छन्:**

- कृषिमा उत्पादकत्व अभिवृद्धि गर्नटेवा पुऱ्याउनका लागि मुलुकमा उपलव्ध जलस्रोतको अधिकतम उपयोग गरी सिंचाइ क्षेत्रकोदिगोविकास एवंविस्तार गर्ने।
- सिंचाइ संरचनाहरुकोउचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नया"सिंचाइ योजनाहरुकोनिर्माण गरी वर्षैभरी भरपर्दोसिंचाइ सेवा पुऱ्याउने।
- सिंचाइका लागि सतह तथा भूमिगत जलस्रोतलाईसंयोजनात्मक रुपमा उपयोग गर्ने।
- संभाव्यताका आधारमा मुलुकका सवैक्षेत्रमा सिंचाइकोसन्तुलित र सामन्जस्ययुक्त विकास गर्ने।
- वहुउद्देश्यीय जलाशय एवंअन्तर जलाधार जल स्थानान्तरण योजना लगायत सिंचाइ सम्वन्धी प्रविधिकोविकास तथा कार्यान्वयन गर्नसक्षम हुनेगरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

## २.२ सिंचाइ नियमावली

सिंचाइ नियमावली, २०५६ लाइ ेसिंचाइ नीतिसंग सामन्जस्यता कायम गर्दैअझ बढी स्पष्ट र व्यवहारिक वनाउनेउद्देश्यलेपहिलोपटक संशोधन गरी (सिंचाइ नियमावली प्रथम संशोधन, २०६०) जारी गरिएकोछ । यस नियमावलीका निम्नलिखित विशेषताहरु रहेका छन्।

- सिंचाइ योजनाकोनिर्माण देखि मर्मत संभार तथा संचालन कार्यमा स्थानीय उपभोक्ताहरुलाई सहभागी गराउन प्रोत्साहित गर्ने।
- उपभोक्ता कृषकहरुलाईसंगठित गरी संस्थागत विकास गर्दैलैजाने।
- निर्मित्त सिंचाइ प्रणालीहरुकोक्रमशः उपभोक्ता संस्थाहरुलाईहस्तान्तरण गर्दैलैजाने।
- मर्मत संभार कोष वृद्धि गरी उपभोक्ता संस्थालाईआत्मनिर्भर वनाउँदैलैजाने।
- निर्माण सम्पन्न भइ हस्तान्तरण भइसकेपछि जल उपभोक्ता संस्थाका गतिविधि तथा सिंचाइ प्रणालीकोअवस्थाकोनियमित अनुगमन, मूल्याङ्कन गर्नेकार्यलाईजोड दिने।

## २.३ जलस्रोत रणनीति

जलस्रोत रणनीतिको परिप्रेक्ष्यमा, प्रत्येक नेपालीलेसर्वप्रथम पिउन र उपयुक्त सरसफाइका लागि पानी माथिको पहुंच कायम हुनुपर्ने देखिन्छ । उपयुक्त मूल्यबाट प्रत्येक नेपालीलाई खाना बनाउन शक्ति उत्पादन गर्नको लागि पर्याप्त पानी उपलन्ध हुनुजरुरी छ । यी राष्ट्रिय उद्देश्य हासिल गर्नका लागि पानी व्यवस्थापन गरिएको अवस्थामा ब्यापक परिवर्तन ल्याई मौजुदा पानीको प्रयोग लाई व्यवस्थित तरिकाबाट बढाउँदै लैजानुपर्दछ । आम जनताको फाइदा लाई मध्यनजर राखी दीर्घकालीन रुपमा भरपर्दो उपलब्धि हासिल गर्नका लागि river basin कोआधारमा आफ्नो भविष्यका कार्यक्रमहरु केन्द्रित हुनुपर्दछ । यसका लागि समग्रर क्रमबद्ध एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्त अनुशरण गर्नुपर्नेहुन्छ । यही परिस्थितिको आत्मसात राष्ट्रिय जलस्रोत रणनीतिलेगरेकोछ ।

### २.३.१ कृषि विकासका लागि सिंचाइ

सबै दृष्टिकोणबाट नेपालमा सिंचाइ विकास र व्यवस्थापन एउटा महत्वपूर्ण sub-sector कोरुपमा रहेको र कृषि पेशामा संलग्न भएका समुदायको जीवन शैलीमा यसले प्रत्यक्ष प्रभाव पारेको छ । यसका साथैखाद्य सुरक्षाको स्थितिलाई सन्तुलन गरी राख्नका लागि सिंचाइलाई पनि एउटा महत्वपूर्ण साधनको रुपमा लिन

सकिन्छ । त्यसकारण कृषि विकासमा सिंचाइको महत्वलाई दृष्टिगत गर्दैजलस्रोत रणनीतिले पर्याप्त लगानीको लागि खाका तयार पारेकोछ ।

जलस्रोत रणनीतिले पहिलो पाँच बर्षमा दिगो र प्रभावकारी सिंचाइ प्रणालीको कार्यान्वयन र विकास गर्ने रणनीति राखेको छ । जसले गर्दा कृषि उत्पादनको विविधीकरण र वाली सघनता बढाउन सक्नेआधारको स्थापना हुनसक्छ र अन्त्यमा किसान समुदायहरुको अवस्थामा सुधार ल्याउन मद्दत पुऱ्याउँदछ । यस रणनीतिले सिंचाइ योजनाहरुको वित्तीय र प्राविधिक दिगोपनाको साथसाथै कृषिको व्यवसायीकरण गर्नका लागि पनि प्रोत्साहित गरेकोछ ।

रणनीतिले कार्यान्वयनको १० वर्षभित्र भरपर्दो सिंचाइ सेवा उपलब्ध गराउनका लागि सम्पूर्ण कार्यक्रमहरु त्यसतर्फ केन्द्रित गरी सिंचाइको भरपर्दो सेवा, उपभोक्ता वर्गहरुमा उपलब्ध गराएपछि त्यस्तो सेवाहरु सघन रुपमा विस्तारित गर्नेर यस मार्फत कृषकहरुमा आय आर्जन बढाई आर्थिक रुपमा समृद्ध गराउने परिकल्पना गरेकोछ ।

२५ वर्षको अन्त्य सम्ममा सिंचाइ प्रणालीहरु उपयुक्त प्रभावकारी ढंगको बनाइ सिंचाइ योग्य जमिनको अधिकतम प्रयोगमा जोड दिन रणनीतिक लक्ष्य राखिएकोछ ।
सिंचाइ क्षेत्रका लागि समय सापेक्षित रणनीतिक लक्ष्य निम्न छन्।

**क. पहिलो पाँचवर्ष(सन्२००७) अवधिमा उपलव्ध गर्न राखिएका लक्ष्यहरु**

- सिंचित क्षेत्रको६० प्रतिशतमा बर्षैभरी सिंचाइ सेवा पुऱ्याउने।
- सिंचित क्षेत्रमा वाली उत्पादन सरदर ४० प्रतिशतलेबृद्धि गर्ने।
- ५०० हेक्टरसम्मका सिंचाइ प्रणालीहरुको व्यवस्थापन गर्न सक्नेगरी जल उपभोक्ता समितिहरुलाईसक्षम बनाउने।
- वर्षैभरी सिंचाइ हुनेक्षेत्रमा सरदर २०० प्रतिशतलेवाली सघनता बढाउने।

**ख. १५ वर्ष(सन्२०१७) समयावधिमा उपलव्ध गर्नराखिएका लक्ष्यहरु**

- ५,००० हेक्टर सिंचित क्षेत्र भएकोसिंचाइ प्रणालीहरु व्यवस्थापन गर्नसक्नेगरी जलउपभोक्ता समितिहरुलाईसक्षम बनाउने।
- सिंचित क्षेत्रकोदुईतिहाइ भागमा वर्षैभरी सिंचाइ सुविधा उपलव्ध गराउने।
- सिंचित क्षेत्रमा वाली उत्पादन सरदर १२५ प्रतिशतलेबृद्धि गर्ने
- सिंचित क्षेत्रको८० प्रतिशत भागमा सिंचाइ सुविधा पुऱ्याउने।
- कमाण्ड क्षेत्रकोप्रभावकारी उपयोग ८० प्रतिशत सम्म पुऱ्याउने।
- सिंचाइ सेवा शुल्क असुली २० प्रतिशत भन्दा बढाउने।

**ग. २५ वर्ष(सन्२०२७) समयावधिमा उपब्ध गर्नराखिएका लक्ष्यहरु**

- बाली सघनता सरदर २५० प्रतिशतलेबढाउने।
- सिंचित क्षेत्रको९० प्रतिशत क्षेत्रमा सिंचाइ सेवा शुल्क उठाउने।
- सिंचाइ प्रणालीकोप्रभावकारिता ६० प्रतिशत पुऱ्याउने।
- कमाण्ड क्षेत्रकोप्रभावकारी उपयोग शत प्रतिशत पुऱ्याउने।

### २.३.२ रणनीति

माथि उल्लेखित लक्ष्यहरुबाट उपलब्धि हासिल गर्ननिम्नलिखित रणनीतिक तरिकाहरु अपनाउने सोच राखिएकोछ :

- सिंचाइ प्रणालीहरुकोयोजना एवंब्यवस्थापन गर्दाकृषि विकास संग आवद्ध गर्ने।
- मौजुदा सिंचाइ प्रणालीहरुकोब्यवस्थापकीय सुधार गर्ने।
- नयाँसिंचाइ प्रणालीहरुकोयोजना कार्यान्वयनमा सुधार गर्ने।
- वालीकोसघनता र विविधीकरणमा टेवा पुऱ्याउनेध्येयलेबर्षैभरी सिंचाइ हुनेप्रणालीको विकास गर्ने।
- सिंचाइ प्रणालीहरुकोयोजना, कार्यान्वयन र ब्यवस्थापन गर्नेक्षमता स्थानीय स्तरमा नै विकास गर्दैलैजाने।
- कृषिमा प्रभावकारिता र सिंचाइलाईविकास गर्नका लागि खण्डिकरण रोक्नेअर्थात चक्लावन्दी रुपमा भूमि ब्यवस्थापन कार्यअघि बढाउने।
- भूमिगत जल प्रयोगकोविकास र ब्यवस्थापनमा जोड दिने।

## २.४ राष्ट्रिय जल योजना (National Water Plan)

राष्ट्रिय जलस्रोत रणनीति सन्२००२ मा आधारित राष्ट्रिय जल योजना (सन्२००५) नेपाल सरकारलेस्वीकृत गरी अवलम्वन गरेकोदीर्घकालीन योजना हो। एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तलाईअंगिकार गरेकोयस योजनालाईअल्पकालीन (सन्२००७), मध्यकालीन (सन्२०१७ सम्म) र दीर्घकालीन (सन्२०२७) सम्म गरी तीन चरणमा विभाजन गरिएकोछ ।

तालिका १.१ राष्ट्रिय जल योजनामा सिंचाइ क्षेत्रकोविकासमा लक्ष्यहरु

| लक्ष्यहरु | साल (सन् | | |
|---|---|---|---|
| | २००७ | २०१७ | २०२७ |
| सम्पूर्णसिंचित क्षेत्रमा वर्षैभरी सिंचाइ सुविधा पुऱ्याउने। | ४९% - | ६४% | ६७% |
| सन्२००१ कोतुलनामा सम्पूर्णसिंचित क्षेत्रमा अन्न बाली उत्पादनमा वृद्धि गर्ने। | १५% | २८% | ४४% |
| बर्षैभरी सिंचाइ सुविधा पुगेकोक्षेत्रमा बालीकोसघनतामा वृद्धि गर्ने। | १४०% | १६४% | १९३% |
| अन्न बालीकोऔसत बाली सघनतामा वृद्धि गर्ने | १२६% | १३४% | १४३% |
| कुल बाली सघनतामा वृद्धि गर्ने। | १६०% | १७०% | २००% |
| सम्भावित सिंचित क्षेत्रफलमा सिंचाइ सेवा विस्तार गर्ने। | ७१% | ८५% | ९७% |
| सिंचाइ कार्यप्रभावकारिता irrigation efficiency वढाउने। | ३५% | ४५% | ५०% |
| मर्मत संभार तथा संचालन खर्चकोलागि सिंचाइ सेवा शुल्कको योगदान (O&M cost recovery) वढाउने। | ३०% | ४५% | ७५% |

राष्ट्रिय जल योजना, २००५ लेउपरोक्त लक्षहरु प्राप्त गर्नतल उल्लेखित पाँच वटा कार्यक्रमहरुको पहिचान गरेकोछ ।

- विद्यमान सिंचाइ प्रणालीहरुकोव्यवस्थापनमा सुधार
- नयांसिंचाइ प्रणालीहरुकोउपयुक्त योजना तर्जुमा तथा कार्यान्वयनमा सुधार

- योजना तर्जुमा तथा कार्यान्वयन सम्वन्धमा स्थानीय निकायहरुकोक्षमता अभिबृद्धि
- कृषकहरुकोक्षमता अभिबृद्धि कार्यक्रम
- सिंचित कृषिका लागि एकीकृत कार्यक्रम

## २.५ तेह्रौयोजना (२०७०/७१ -२०७२/७३) - सिंचाइ बिकास कार्यक्रम

### क. उद्देश्य

देशमा उपलब्ध जलस्रोतकोसमुचित उपयोग गरी सिँचाइ क्षेत्रकोबहुउद्देश्यीय तथा दिगो विकासद्वारा कृषिक्षेत्रकोविकासमा सहयोग पुऱ्याउने।

### ख. रणनीति

- तत्काल प्रतिफल दिनेतथा रोजगारी सिर्जना गर्नेसाना तथा मझौला सतह र भूमिगत सिँचाइ आयोजनाहरुकोप्राथमिकतापूर्वक कार्यान्वयन गर्ने।
- बहुउद्देश्यीय जलाशययुक्त एवम्अन्तर जलाधार जलस्थानान्तरण जलस्रोत आयोजनाअन्तर्गत सञ्चालन हुनेसिँचाइका कार्यक्रममार्फत वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने।
- कार्यक्रम सञ्चालन गर्दा सरोकारवाला निकायहरु एवम् अन्तर-सम्बन्धित कार्यक्रमबीच समन्वय कायम गर्ने।
- सम्पन्न भइसकेका प्रणालीहरुकोनियमित तथा आवधिक मर्मतसंभार गरी व्यवस्थापन र सञ्चालनलाईदिगो, दक्ष र प्रभावकारी बनाउन आवश्यकताअनुसार उपभोक्ता समितिलाई समेत सक्षम बनाउने।
- सिँचाइ संरचनाहरुको विकास एवम् सञ्चालन गर्दा वातावरणमैत्री, जलवायु परिर्वतन अनुकूलित, सहभागितामूलक हुनेर रोजगारी अभिवृद्धि गर्नेगरी अध्ययन, अनुसन्धान, डिजाईन एवम्कार्यान्वयन गर्ने।
- सिँचाइ सेवालाई दिगो भरपर्दो बनाउन मर्मत तथा सञ्चालन लागत सम्बन्धित जल उपभोक्ताबाट असुली गर्नेगरी आयोजना सञ्चालन गर्ने।
- सिँचाइ विकास कार्यक्रम सञ्चालन गर्दाअन्य सम्बन्धित निकायसँग समन्वय गरी स्थानीय तहमा रहेका वातावरणमैत्री तालतलैया, पोखरी, सिमसार तथा मूलहरुकोसंरक्षण, सम्वर्द्धन हुनेगरी सञ्चालन गर्ने।

# अध्याय तिन

## गाउँपालिका को पार्श्वचित्र

### ३.१ गाउँपालिकाको परिचय

सुर्खेत जिल्लाको पूर्वि उत्तर क्षेत्रमा पर्ने सिम्ता गाउँपालिका साविकका घोरेटा, काफलकोट, आग्रिगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाँडाखाली र खानीखोला गरी आठवटा गाउँ विकास समिति मिलेर बनेको गाउँपालिका हो। सिम्ता गाउँपालिकालाई नौवटा वडामा विभाजन गरिएको छ । पुरानो घोरेटा गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं १ कायम गरिएको छ। काफलकोट गाउँ विकास समितिका १ देखि ९ वडाहरुलाई सिम्ता गाउँपालिकाको वडा न २ र आग्रिगाउँ गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ३ कायम गरिएको छ। त्यसैगरी बजेडिचौर गाउँ विकास समितिका वडा नं ५ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ४ र वडा न १ देखि ४ लाई सिम्ता गाउँपालिकाको वडा नं ५ कायम गरिएको छ। राकम गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ६ र काप्रिचौर गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ७, डाँडाखाली गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ८ र खानीखोला गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ९ कायम गरिएको छ। यस गाउँपालिकाको केन्द्र साविक बजेडिचौर गाउँ विकास समितिको कार्यालयलाई कायम गरिएको छ। जिल्ला सदरमुकाम वीरेन्द्रनगर देखि १९ कोष पूर्वमा अवस्थित यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ मा पर्दछ। तुलानात्मक रुपमा उत्तर दक्षिण फैलिएको गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ४४' उत्तर देखि २८° ६४' उत्तर सम्म र देशान्नतर ८१° ८६' पूर्व देखि ८२° ०४' पूर्व सम्म फैलिएको छ। सिम्ता गाउँपालिकाका अधिकांश खेतियोग्य जमिनहरू आकाशे पानीमा आधारित छन। सिंचाईको प्रयाप्तता छैन।। यस गाउँपालिकाको जनसंख्या २०६८ सालको जनगणना अनुसार २५,८४५ रहेको छ।

**तालिका ३.१ सिम्ता गाउँपालिकामा कायम भएका वडाहरु**

| सि नं | साविकका गा.वि.स. | साविकका वडाहरु | सिम्ता गाउँपालिकामा कायम भएका |
|---|---|---|---|
| १ | घोरेटा | १–९ | १ |
| २ | काफलकोट | १–९ | २ |
| ३ | आग्रिगाउँ | १–९ | ३ |
| ४ | बजेडिचौर | ५–९ | ४ |
| ५ | बजेडिचौर | १, २, ३, ४ | ५ |
| ६ | राकम | १–९ | ६ |
| ७ | काप्रिचौर | १–९ | ७ |
| ८ | डाँडाखाली | १–९ | ८ |
| ९ | खानीखोला | १–९ | ९ |

### ३.२ क्षेत्रफल

यस गाउँपालिको जम्मा क्षेत्रफल २४१.६४ वर्ग कि.मि. रहेको छ । त्यसैगरी वडा अनुसार क्षेत्रफल हेर्दा सिम्ता गाउँपालिका वडा नं १ को क्षेत्रफल ३३.०५ वर्ग किलोमिटर, वडा नं २ को क्षेत्रफल २६.७४ वर्ग किलोमिटर, वडा नं ३ को क्षेत्रफल २३.५४ वर्ग किलोमिटर, वडा नं ४ को क्षेत्रफल १३.२८ वर्ग किलोमिटर, वडा नं ५ को क्षेत्रफल १४.८९ वर्ग किलोमिटर, वडा नं ६ को क्षेत्रफल २७.२२  वर्ग किलोमिटर, वडा नं ७ को क्षेत्रफल ४३.२८ वर्ग किलोमिटर, वडा नं ८ को क्षेत्रफल २०.१४ वर्ग किलोमिटर, वडा नं ९ को क्षेत्रफल ३९.५ वर्ग किलोमिटर रहेको छ ।

### ३.३ भौगोलिक स्वरुप

यस सिम्ता गाउँपालिकाको उत्तरी भाग महाभारत पर्वत श्रृंखलामा पर्दछ भने केहि भाग मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । महाभारत पर्वत श्रृंखला २० देखि ४० ढालीय कोण भएको तीब्र ढाल तथा प्राचीन चट्टानयुक्त पर्बतीय भू-आकृतिले बनेको यो क्षेत्रमा कडकड खैरोमाटोको अधिकता छ । जंहा भू-क्षय (ब्अअभबिभबतभम भ्चयकष्यल० बढी हुन्छ । कृषि  कार्यका लागि यस क्षेत्रको भू-वनावट तुलनात्मक दृष्टिले अनुकुल पाइदैन । त्यसैगरी सिम्ता गाउँपालिकाको केहि भाग मध्य  मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । १० देखी २० डिग्री सम्मको ढलियकोण तथा मध्य ढाल देखि समथर भू-भागमा  पूर्ण विकसित पांगो माटो, बलौटे दोमट माटो र नबिनतम चट्टानको संरचना रहेको यो भू-भागमा स साना उपत्यकाका तथा  निम्न होचो पहाडी भाग यस क्षेत्रमा रहेका छन । माथिल्लो एवं नदी द्वारा थुपारिएको उर्वरा माटोको कारण यहांको भू-  प्रणाली सापेक्ष रूपमा खेती योग्य भइ धान, गहुं तथा तोरी खेतीको लागि अनुकुल छ ।

### ३.४ वर्तमान भु उपयोग सम्बन्धि विबरण

तलिका ३.२ वर्तमान भू-उपयोग सम्वन्धी विवरण

| क्रं सं. | विवरण | सिम्ता गाउँपालिका क्षेत्रफल (हेक्टर.) | |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ७७१२ | |
| २ | वन तथा चरन क्षेत्र | १२८२२ | |
| ३ | आवास क्षेत्र | २३८१ | |
| ४ | नदिनालाले ओगटेको क्षेत्र | | |
| ५ | ताल तलैया | | |
| ६ | सिमसार क्षेत्र | | |
| ७ | सडकले ओगटेको क्षेत्र | | |
| ८ | अन्य | | |
| | जम्मा | २२,९१५ हेक्टर | |

स्रोत : गाउँपालिकाको वस्तुगत विवरण, २०७४

सिम्ता गाउँपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल २२९५१ हेक्टर रहेको छ। कृषियोग्य जमिनको क्षेत्रफलल ७७१२ हेक्टर रहेकोछ। खेती गरिएको जमिन ४३५८ हेक्टर रहेको छ र सिंचित क्षेत्रफल १७७४ हेक्टर रहेको छ। सदरमुकामबाट

सबैभन्दा नजिको गाउँ खानीखोला र सबैभन्दा टाढाको आग्रिगाउँ रहेको छ।

### ३.५ सिम्ता गाउपालिका वडा अनुसार घरपरिवार संख्या र जनघनत्व

राष्ट्रिय जनगणना २०५८ तथा २०६८ अनुसार यस गाँउपालिकाका विभिन्न वार्डहरुमा रहेका पुरुष तथा महिला र दुवै गरि जम्मा जनसंख्याको विवरण दिएको छ। यसका साथै २०५८ र २०६८ को राष्ट्रिय जनगणना अनुसारको जनघनत्वलाई पनि देखाइएको छ। जनसंख्याको आवधिक तुलना सम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तलिका ३.३ सिम्ता गाउपालिका वडा अनुसार घरपरिपरिवार स+ख्या र जनघनत्व

| वडा नं | गाउँको नाम | सदरमुकाम देखी दुरी ( कोषमा) | क्षेत्रफल | राष्ट्रिय जनगणना २०५८ | | राष्ट्रिय जनगणना २०६८ | |
|---|---|---|---|---|---|---|---|
| | | | व.कि.मी | घरपरिवार | औ.घ.प.संख्या | घरपरिवार | औ.घ.प.संख्या |
| १ | घोरेटा | २२ | ३३।०५ | ४३२ | ६।५ | ५३० | ६ |
| २ | काफलकोट | १९ | २६।७४ | ५५० | ६।५ | ५८४ | ६।२ |
| ३ | आग्रिगाउँ | २२ | २३।५४ | ३९५ | ६।९ | ५०९ | ५।३ |
| ४ | बजेडिचौर | २१ | १३।२८ | ३५९ | ५।१४ | ४०४ | ४.९ |
| ५ | बजेडिचौर | २१ | १४।८९ | ३३७ | ५।९५ | ४६१ | ४.६ |
| ६ | राकम | २० | २७।२२ | ६१९ | ५।७ | ८०० | ४।६ |
| ७ | काप्रिचौर | २० | ४३।२८ | १३२ | ४।८ | ५९८ | ४।८ |
| ८ | डाँडाखाली | १८ | २०।१४ | ११० | ५।६ | ५४१ | ४।६ |
| ९ | खानीखोला | १७ | ३९।५ | ३८२ | ६।२ | ६६७ | ४।९ |
| जम्मा | | | | २४१.६४ | ३३१६ | | ५०९४ |

स्रोत : गाउँपालिकाको वस्तुगत विवरण, २०७४

सिम्ता गाउँपालिका रा.ज.२०५८ मा ३३१६ घरधुरी थिए भने र २०६८ घरधुरी संख्या बढेर ५०९४ पुगको थियो। सो अवधिमा जम्मा १७७८ घरधुरी बढेका थिए भने २०५८ बाट २०६८ मा पुग्दा ५३.६१ प्रतिशत घरधुरी बढेको पाईयो।

### ३.६ वडा अनुसार साक्षरता प्रतिशत

सिम्ता गाउँपालिका वडा अनुसार रा.ज. २०६८ अनुसारको साक्षरता दर निम्न बमोजिम रहेको छ।

तालिका ३.४ सिम्ता गाउपालिकाको साक्षरता दर

| वडा न | गा.वि.स. | साक्षरता दर | | |
|---|---|---|---|---|
| | | जम्मा प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत |
| १ | घोरेटा | ६२.६२ | ७०.९८ | ५५.४९ |
| २ | काफलकोट | ६७.२ | ७८.५४ | ५७.३७ |
| ३ | आग्रिगाउँ | ५६.६८ | ६७.६२ | ४७.८९ |

| | | | | |
|---|---|---|---|---|
| ४ र ५ | बजेडिचौर | ६७.१९ | ७८.८२ | ५८.३८ |
| ६ | राकम | ६३.८१ | ७४.९८ | ५५.०३ |
| ७ | काप्रिचौर | ६१.५९ | ७४.९६ | ५०.२६ |
| ८ | डाँडाखाली | ६९.८३ | ८०.०२ | ६० |
| ९ | खानीखोला | ७५.७६ | ८४.०९ | ६८.५८ |

स्रोत : गाउँपालिकाको वस्तुगत विवरण, २०७४

सिम्ता गाउँपालिका वडा अनुसार रा.ज. २०६८ अनुसारको साक्षरता दरलाई पुरुष र महिला प्रतिशतलाई हेर्दा वडा नं. १ घोरेटामा जम्मा साक्षर ६२.६२ प्रतिशत मध्ये ७०.९८ प्रतिशत पुरुष तथा ५५.४९ प्रतिशत महिला साक्षर थिए । यसैगरि बडा नं. २ काफलकोटमा ६७.२ साक्षर मध्ये ७८.७४ प्रतिशत पुरुष तथा ५७.३७ प्रतिशत महिला साक्षर थिए । वडा नं. ३ आग्रिगाउँमा जम्मा ५६.६८ प्रतिशत साक्षर मध्ये ६७.६२ पुरुष तथा ४७.८९ प्रतिशत महिला साक्षर रहेका थिए । यसका साथै वडा नं. ४ र ५ बजेडिचौरमा जम्मा ६७.१९ प्रतिशत साक्षर मध्ये ७८.८२ पुरुष तथा ५८.३८ प्रतिशत महिला साक्षर रहेका थिए

## ३.७ वातावरण तथा सरसफाई

यस गाउँपालिकामा वातावरण तथा सरसफाईका लागि राष्ट्रिय मापदण्ड अनुरुपका आधारहरु पुरा नभए पनि गाउँपालिका भित्र समाबेश भएका गाविसहरु खुलादिशा मुक्त गाउँ घोषणा भई अहिले पुर्ण सरसफाईका लागि अग्रसर भएका छन् । यस गाउँपालिकामा २ वटा शार्वजनिक सौचालय रहेको तथा अन्य व्यवस्थापन भएको खासै देखिएको छैन ।

## ३.८ कृषि सेवा केन्द्र, उपकेन्द्र, कृषक समूह

नेपालीहरुको प्रमुख पेशा तथा व्यवसायका रुपमा कृषि तथा पशुपालन भएता पनी ग्रामिण समुदायका नागरिकहरुले उचित सेवा प्राप्त गर्न सकेका छैनन् । यस गाउपालिका अर्न्तगतका वडाहरुमा कृषि तथा पशु सेवा प्रवाह गर्नका लागि नेपाल सरकारले सिम्ता गाउ"पालिकाको वडा नं. ६ राकममा कृषि सेवा केन्द्र स्थापना गरेको छ ।

सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने अति विकट क्षेत्र समाबेस भएको यस गाउ"पालिका केहि वडा बाहेक अन्य वडाहरूमा मोटर बाटोले छुन सकेको छैन् । छिञ्चु-रामघाट हुँदै जाजरकोट जाने सडक भेरी नदीको दायाँ किनार हुदै सिम्ता गाउ"पालिका भएर जाने गर्दछ । यो सडक बाहेक बाह्रैमहिना गाडी चल्ने खालका अन्य कुनै सडकहरु यस गाउ"पालिका बनेका छैनन् ।

### ३.९ वार्षिक कृषि उत्पादन सम्वन्धी विवरण

तालिका ३.५ वार्षिक कृषि उत्पादन सम्वन्धी विवरण

| सि न | वाली/उत्पादन समूह | आर्थिक वर्ष (२०६९/०७०) क्षेत्रफल (रोपनीमा) | आर्थिक वर्ष (२०६९/०७०) उत्पादन (मे.ट.) |
|---|---|---|---|
| १ | **अन्न वाली** | | **१८७.३** |
| | धन | | ६३ |
| | मकै | | ७७ |
| | कोदो | | १६ |

| | | | |
|---|---|---|---|
| | गहु | | २५.५५ |
| | अन्य | | ५.७५ |
| २ | **दलहन वाली** | | **३६.६** |
| | मास, बोडी, सिमी, मस्याङ, मुसुरो | | ३६.६ |
| ३ | **तेलहन वाली** | | |
| | तोरी, सूर्यमुखी .... | | १०.५ |
| ४ | **तरकारी वाली** | | **७** |
| | आलु, प्याज, काउली, भन्टा, बन्दा, गोलभेडा, राम तोरिया, साग...... | | ५ |
| | अदुवा, बेसार, लसुन, खुसार्नी | | २ |
| ५ | **फलफूल खेती** | | **४.२७५** |
| | केरा, आँप, सुन्तला, नासपाती, भुईकटहर ... | | ४.२७५ |

## ३.१० जग्गाको किसिम अनुसारको विवरण (बिघा / रोपनी)

सिम्ता गाउ"पालिकाको कुल क्षेत्रफल २२,९१५ हेक्टर मध्य ७,७१२ हेक्टर कृषि योग्य जमिन रहेको छ । र सो कृषि योग्य जमिन मध्य ४,३५८ हेक्टर खेति गरिएको जमिनलाई अब्बल, दोयम, सिम र चाहरमा वर्गिकरण गरिएको छ । यसको अभिलेख मालपोत तथा नापि कार्यालयमा हुने भएता पनि व्यवस्थित अभिलेखको अभावले यससंग सम्वन्धित सुचनाहरु प्राप्त गर्न सकिएन ।

## ३.११ गाउपालिकासंग साझेदारी गरेका संघ संस्थाहरु

यस गाउपालिकामा कार्यरत सम्पूर्ण गैर सरकारी सस्थाहरुलाई यस गाउ"पालिकाका साझेदारका रुपमा लिइएको छ।

तालिका ३.६ गाउपालिकासंग साझेदारी गरेका संघ संस्थाहरु

| सि न | विकास साझेदार संस्था | | |
|---|---|---|---|
| | **विकास साझेदार संस्थाको नाम** | **कार्यक्रमको विषयगत क्षेत्र** | **कार्यक्षेत्र** |
| १ | सुन्दर नेपाल संस्था | सुशासन | सिम्ता गाउँपालिका |
| २ | स्याक नेपाल | लैङ्गिक उत्तरदायित्व | सिम्ता गाउँपालिका |
| ३ | वाम | महिला सशक्तीकरण | सिम्ता गाउँपालिका |
| ४ | सेलर्ड | मेलमिलाप | सिम्ता गाउँपालिका |
| ५ | ईक्वोइलएक्सेस | सुशासन | सिम्ता गाउँपालिका |
| ६ | युवा अभियान | | सिम्ता गाउँपालिका |
| ७ | आस्था नेपाल | | सिम्ता गाउँपालिका |
| ८ | गरिवी निवारण कोष | आय आर्जन र पूर्वाधार | सिम्ता गाउँपालिका |
| ९ | एलजीसीडिपी | सामाजिक परिचालन | सिम्ता गाउँपालिका |

| | | | |
|---|---|---|---|
| १० | असल शासन | जवाफदेहिता | सिम्ता गाउँपालिका |
| ११ | दिगो विकास | सामाजिक परिचालन | सिम्ता गाउँपालिका |
| १२ | किर्डाक नेपाल | सशक्तीकरण तथा जनचेतना | सिम्ता गाउँपालिका |
| १३ | महिला विकास | महिला हिंसा विरुद्ध | सिम्ता गाउँपालिका |
| १४ | आवाज | महिला सवलीकरण | सिम्ता गाउँपालिका |
| १५ | अन्तर्निर्भर समाज | महिला सशक्तिकरण | सिम्ता गाउँपालिका |

**३.१२ विशेष व्यावसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली**

कृषिलाई विषेश प्राथमिकता दिई उत्पादन बढाउनका लागि जिल्ला कृषि कार्यालयले विभिन्न बालि विकासका लागि निश्चित क्षेत्रहरुलाई उत्पादन पकेट क्षेत्रको रुपमा घोषणा गरेको छ । उत्पादन पकेटक्षेत्र वितरणका हिसाबले सुर्खेत जिल्लामा १४ ओटा वालिका लागि पकेटक्षेत्र घोषणा गरिएकोमा ५ वटा बाली यस सिम्ता क्षेत्रमा पर्दछन जसलाई तालिकामा निम्न अनुसार देखाइएकोछ ।

तालिका ३.७ सिम्ता गाउपालिका उत्पादन पकेट क्षेत्र अन्तर्गत पर्ने बालीहरु र पकेट क्षेत्रको विवरण

| क.स. | वालीको नाम | पकेट क्षेत्र |
|---|---|---|
| १ | धान, गहु मकै | धान, गंहू, मकै सबै स्थामा |
| २ | आलु | डाडाखाली |
| ३ | सुन्तलाजात | डाँडाखाली, खानीखोला, काफलकोट |
| ४ | तरकारी बीउ | डाँडाखाली, बजेडिचौर |
| ५ | खाद्यान्नबाली बीउ मकै | बजेडिचौर |

यस सिम्ता गाउपालिकामा धान, गहु र मकैका लागि आठ ओटै गाउहरु, आलुका लागि डाडाखाली, सुन्तलाका लागि डांडाखाली, खानीखोला, काफलकोट र तरकारी वीउँका लागि डाडाखाली, बजेडिचौरलाई पकेट क्षेत्रको रुपमा छनोट गरिएको छ ।

**३.१३ व्यवसायिक खेती (जस्तो अर्गानिक खेती वाखापालन कुखुरापालन आदि)**

यस गाउपालिकाको बासिन्दाको मुख्य पेशा कृषि भएता पनि व्यबसायिक रुपमा कृषि व्यबसाय सुरु हुन सकेको छैन । यहाँका किसानले प्राय सबै जसो घरमा केहि न केहि चौपाया पालेको हुनाले खेतीमा रासायनिक मलको प्रयोग एकदमै कम हुन्छ । त्यसैले यह"ाको अधिकास उत्पादन अर्गानिक हुन्छ । कृषि पेशा स"गसगै यह"ाका मानिसहरुले स-साना फर्मको रुपमा ब्रोईलर कुखुरा पालन, बाखा पालन आदि पनि गरेका छन तर व्यबसायिक रुपमा भने यसको पनि विकास हुन सकेको छैन ।

# अध्याय चार

## सिचाईको विद्यमान अवस्था

## ४ सिंचाई

सिम्ता गाउपालिकामा जमिनको भू-उपयोग विभिन्न प्रकारले गरिएको छ जस्तै खेती, जङ्गल, बुट्यान, बालुवा, पानी रहेका छन् ।

## सिचांईको स्रोत

o; ufpFkflnsfsf] clwsf; lf]qkmn kxf8L tyf le/fnf] k/]sf] hldg ePsf] x'gfn] 7"nf l;rfO{ cfof]hgf gePtf klg

:yflgo :t/df ;–;fgf l;rfO{sf cfof]hgfx? ;~rfngdf cfPsf5g . tL l;rfO{df k|of]u ePsf s'nfx?sf] l;rfO{sf]

>f]t b]xfoadf]lhd /x]sf]5 .

तालिका 142: सिम्ता गाउपालिकामा सिचांईको स्रोत

| क.स. | सिचांईको स्रोतको नाम | गाउँपालिकाको वडा नं. |
|---|---|---|
| १ | जुगई खोला | १ |
| २ | सिर्पा खोला, जुगई बगर , भित्रि खोला , राक्सी खोला, दुर्पाला खोला, नाँहागाउँ, देउघाट खोला, पाल्त सिचाई | २ |
| ३ | बजेडा आली, बाँस खोला, चिमिरे खोला, पौवा खोला , कालीखोला | ४ |
| ४ | बजेडा आली, गाड सिचाई ,सिम्ता खोला , पदाल खोला | ५ |

### ४.१ सिंचित क्षेत्रफलको विवरण

सिम्ता गाउपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल, कृषियोग्य जमिनको क्षेत्रफल, खेती गरिएको जमिन, सिंचित क्षेत्रफल, सदरमुकामबाट दुरी आदि विवरण देहायको तालिकामा दिईएको छ ।

तालिका ४.१ सिम्ता गाउपालिकाको वडा अनुसार कृषि योग्य जमिन र सिंचित क्षेत्रफल

| वडा न | गाउँको नाम | सदरमुकामबाट दुरी ( कोष) | कुल क्षेत्रफल (हे ) | कृषियोग्य जमिनको क्षेत्रफल (हे) | खेती गरिएको जमिन (हे) | सिंचित क्षेत्रफल ( हे) |
|---|---|---|---|---|---|---|
| १ | घोरेटा | २२ | २,४७२ | ३७० | ३६१ | १८० |
| २ | काफलकोट | १९ | १,७२१ | ३९५ | ३८६ | १२९ |
| ३ | आग्रिगाउँ | २२ | ३,२०२ | ९०२ | ६४८ | २३४ |
| ४ र ५ | बजेडिचौर | २१ | २,७९१ | ८४५ | ६५५ | २६२ |
| ६ | राकम | २० | ३,७४२ | १,८८८ | ५२१ | ३०१ |
| ७ | काप्रिचौर | २० | २,२७२ | १७३ | ३१२ | १७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | डाँडाखाली | १८ | २,४०२ | १,४६३ | ६४० | १७८ |
| ९ | खानीखोला | १७ | ४,३१३ | १,६७६ | ८३५ | ३१२ |
| | जम्मा | | २२,९१५ | ७,७१२ | ४,३५८ | १,७७४ |

स्रोत : गाउँपालिकाको वस्तुगत विवरण, २०७४

सिम्ता गाउपालिका अन्तर्गत रहेको कुल जग्गाको क्षेत्रफल २२९५१ हेक्टर रहेको छ । कृषियोग्य जमिनको क्षेत्रफलल ७७१२ हेक्टर रहेकोछ । खेती गरिएको जमिन ४३५८ हेक्टर रहेको छ र सिंचित क्षेत्रफल १७७४ हेक्टर रहेको छ। सदरमुकामबाट सबैभन्दा नजिको गाउ खानीखोला र सबैभन्दा टाढाको आग्रिगाउ रहेको छ।

## ४.२ हाल सञ्चालनमा रहेका सिंचाई प्रणाली र सेवाक्षेत्र

सिम्ता गा.पा.मा परम्परागत प्रकारको पानी फर्काउने प्रणाली जो कृषि जमिनमा सिंचाईको लागि प्रयोग गरिएका छन् सो का लागि भेरी नदी, खानी खोला र जुकैखोला सिंचाईका श्रोतहरु हुन् ।

**तालिका ४.२ विद्यमान सिंचाई योजनाहरु**

**सिम्ता गाउंपालिका**
**राकम, सुर्खेत**

| सि.नं. | योजनाको नाम | वडा नं. | घरधुरी संख्या | जग्गा क्षेत्रफल | अनुमानित लागत रकम | कार्यान्वयन वर्ष |
|---|---|---|---|---|---|---|
| १ | बढीमुल औलगान्द्रा सिंचाई योजना | १ | 33 | 17 | 7390993.1 | |
| २ | मुलखोला सिंचाई योजना | १ | 7 | 99 | 1837510 | |
| ३ | चुके मुल सिंचाई योजना | १ | 27 | 113 | 5913398.15 | |
| ४ | रजेना सिंचाई योजना | १ | 21 | 174 | 4420547.15 | |
| ५ | सिमलखेत सिंचाई योजना | १ | 11 | 86 | 4420547.15 | |
| ६ | टाटेलुकै सिंचाई योजना | १ | 39 | 24 | 7492427.15 | |
| ७ | चिसापानी सिंचाई योजना | १ | | | | |
| ८ | कोटलखोला सिंचाई योजना | १ | | | | |
| ९ | दवाली खोलेपुन्न सिंचाई योजना | १ | | | | |
| १० | वेलचौर सिंचाई योजना | १ | | | | |
| ११ | छहरे खोला सिंचाई योजना | १ | | | | |
| १२ | दहरेखोला सिंचाई योजना | १ | | | | |
| १३ | नाउंला जीउने सिंचाई योजना | १ | | | | |
| १४ | धाराखोला लाम्पाते सिंचाई योजना | १ | | | | |
| १५ | मुलधारा ड्याम सिंचाई योजना | १ | | | | |
| १६ | सुगुर ड्याम सिंचाई योजना | १ | | | | |
| १७ | गजलगाडा सिंचाई योजना | १ | | | | |
| १८ | राल्बखेत सिंचाई योजना | १ | | | | |
| १९ | लम्पाते गैरी सिंचाई योजना | १ | | | | |
| २ | बाहुनडेरा सिंचाई योजना | १ | | | | |
| १ | माथिल्लो सिमल सिंचाई योजना | २ | | | | |
| २ | सिलाने सिंचाई योजना | २ | | | | |
| ३ | सिंपाखोला सिंचाई योजना | २ | | | | |
| ४ | सुनकाउला सिंचाई योजना | २ | | | | |
| ५ | तल्लो सिमल सिंचाई योजना | २ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | जुगैखोला सिंचाई योजना | २ | | | | |
| ७ | देउखोला सिंचाई योजना | २ | | | | |
| ८ | रितेताता सिंचाई योजना | २ | | | | |
| ९ | गजर आरन्तरा सिंचाई योजना | २ | | | | |
| १० | नाउं तरा सिंचाई योजना | २ | | | | |
| ११ | सिंपा राडुगे सिंचाई योजना | २ | | | | |
| १२ | भित्तरखोला सिंचाई योजना | २ | | | | |
| १३ | तुलधारा सिंचाई योजना | २ | | | | |
| १४ | नाहा तमाटा सिंचाई योजना | २ | | | | |
| १५ | शिरा सिंचाई योजना | २ | | | | |
| १६ | सिंपा सिमलगैरा सिंचाई योजना | २ | | | | |
| १७ | पाल्ता सिंचाई योजना | २ | | | | |
| १८ | खड्ख सिंचाई योजना | २ | | | | |
| १९ | पाखा सिंचाई योजना | २ | | | | |
| २ | चाईयोर सिंचाई योजना | २ | | | | |
| 21 | पोखरा पोखरी सिंचाई योजना | २ | | | | |
| 22 | खाङरा सिंचाई योजना | २ | | | | |
| 23 | लामाटाडा सिंचाई योजना | २ | | | | |
| 24 | छडेखोला रितेखेत सिमलखेतसिंचाई योजना | २ | | | | |
| 25 | नोटडा केउरेनी सिंचाई योजना | २ | | | | |
| 26 | सिर्पाखोला माझकुलो परिऔला सिंचाई योजना | २ | | | | |
| 27 | वल्लेरी धारा पोखरी सिंचाई योजना | २ | | | | |
| | | | | | | |
| १ | कलम चौर सिंचाई योजना | ३ | 13 | 157 | 975200 | |
| २ | औलभ्यामा सिंचाई योजना | ३ | | | | |
| ३ | कुलोखोपे सिंचाई योजना | ३ | | | | |
| ४ | बैरनाथ सालजरी सिंचाई योजना | ३ | | | | |
| ३ | कमल चौर सिंचाई योजना | ३ | | | | |
| ४ | माझीऔल सिंचाई योजना | ३ | | | | |
| ३ | बरुनाथ सिंचाई योजना | ३ | | | | |
| ४ | रोगराय सिंचाई योजना | ३ | | | | |
| ३ | बाहुन भट्टला सिंचाई | ३ | | | | |
| ४ | सिलाने कलम चौर सिंचाई योजना | ३ | | | | |
| ३ | धुरपैया पाखे टाटे सिंचाई योजना | ३ | | | | |
| ४ | बरुनाथ पोखरी सिंचाई योजना | ३ | | | | |
| ३ | अैरी पधेंरा सिंचाई योजना | ३ | | | | |
| ४ | औलभ्याम सिंचाई योजना | ३ | | | | |
| | | | | | | |
| १ | बढीगडी सिंचाई योजना | ४ | | | | |
| २ | हुमखोला सिंचाई योजना | ४ | 3 | 39 | 586180 | |
| ३ | पाखापानी सिंचाई योजना | ४ | 21 | 238 | 4973610.1 | |
| ४ | रातेढुङ्गा सिंचाई योजना | ४ | 5 | 51 | 380540 | |
| ५ | किट खोला सिंचाई योजना | ४ | 7 | 123 | 228960 | |
| ६ | लुगाधुने खेत सिंचाई योजना | ४ | 7 | 85 | 332840 | |
| ७ | मस्तडा लिट सिंचाई योजना | ४ | | | | |
| ८ | गडा सिंचाई योजना पिल्का | ४ | | | | |
| ९ | वालीखेत लिट सिंचाई योजना | ४ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | सिमलगाउ सिंचाई योजना | ४ | | | | |
| | | | | | | |
| १ | तामा सिंचाई योजना | ५ | | | | |
| २ | बजेडा चौर सिंचाई योजना | ५ | 47 | 691 | 763995 | |
| ३ | आली सिंचाई योजना | ५ | 28 | 395 | 794205 | |
| ४ | पीपल खेत मिल सिंचाई योजना | ५ | | | | |
| ५ | घलेना सिंचाई योजना | ५ | | | | |
| ६ | भित्री खेत सिंचाई योजना | ५ | | | | |
| ७ | भयलटाकुरा रानीचौर सिंचाई योजना | ५ | | | | |
| ८ | खारा सिंचाई योजना | ५ | | | | |
| ९ | बेलानी सिंचाई योजना | ५ | 39 | 387 | 1022635 | |
| १० | भयलटाकुरा लयटा चौरकुलो सिंचाई योजना | ५ | | | | |
| ११ | चौर सिंचाई योजना बनेडाआली देखि लिपेचौर सिंचाई योजना | ५ | | | | |
| १२ | आली सिंचाई योजना | ५ | | | | |
| १३ | बजेडा आली सिंचाई योजना | ५ | | | | |
| | | | | | | |
| १ | घोरेरी लिफ्ट सिंचाई योजना | ६ | 42 | 260 | 3617117.5 | |
| २ | घोरेरी सिंचाई योजना | ६ | 42 | 260 | 182320 | |
| ३ | गजैडा सिंचाई योजना | ६ | 63 | 1296 | 357220 | |
| ४ | चौर सिंचाई योजना | ६ | 84 | 2141 | 9895895 | |
| ५ | सुन्दर सिंचाई योजना | ६ | 83 | 1828 | 6813680 | |
| ६ | सिउंरा सिंचाई योजना | ६ | 83 | 1197 | 816995 | |
| ७ | माथिल्लो डोली लिफ्ट सिंचाई योजना | ६ | 42 | 1462 | 4777817.5 | |
| ८ | काप्रिचौर राकम सिंचाई योजना | ६ | 42 | 2050 | 4619745 | |
| ९ | तल्लो डोली लिफ्ट सिंचाई योजना | ६ | 40 | 436 | 678930 | |
| १० | ठिग्नी लिफ्ट सिंचाई योजना | ६ | 63 | 387 | 5587525 | |
| ११ | दमार लिफ्ट सिंचाई योजना | ६ | 63 | 125 | 4016605 | |
| १२ | मंग्रा लिफ्ट सिंचाई योजना | ६ | 42 | 1378 | 3752400 | |
| १३ | टापु  सिंचाई योजना | ६ | | | | |
| १४ | ज्यामीचौर लिफ्ट सिंचाई योजना | ६ | | | | |
| १५ | घाट सिंचाई योजना | ६ | | | | |
| १६ | समाते सिंचाई योजना | ६ | | | | |
| १७ | वौकी खोला सिंचाई योजना | ६ | | | | |
| | | | | | | |
| १ | काप्रिचौर सिंचाई योजना | ७ | 122 | 573 | 2314245 | |
| २ | तामाडांडा सिंचाई योजना | ७ | 18 | 267 | 5673432.7 | |
| ३ | चिउरी बगर लिफट सिंचाई योजना | ७ | | | | |
| ४ | बैशपानी जिउला लिफ्ट सिंचाई योजना | ७ | | | | |
| ५ | गंगटे खोला सिंचाई योजना | ७ | | | | |
| ६ | डोवखोला सिंचाई योजना | ७ | | | | |
| ७ | सालघारी  सिंचाई योजना | ७ | | | | |
| ८ | तिमुरे सिंचाई योजना | ७ | | | | |
| ९ | नयागाउं सिंचाई योजना | ७ | | | | |
| १० | कोटसिम्ला सिंचाई योजना | ७ | | | | |
| ११ | गहतेखोला सिंचाई योजना | ७ | | | | |
| १२ | उपाध्याय खोला सिंचाई योजना | ७ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | गुर्जाउला सिंचाई योजना | ७ | | | | |
| १४ | चिउरा सिंचाई योजना | ७ | | | | |
| १५ | डउरेरुख सिंचाई योजना | ७ | | | | |
| १६ | आरन्तुरा सिंचाई योजना | ७ | | | | |
| १७ | सिस्ने सिंचाई योजना | ७ | | | | |
| १८ | बासधारा सिंचाई योजना | ७ | | | | |
| १ढ | खुर्केडारा सिंचाई योजना | ७ | | | | |
| १९ | टयाम्ना मुल सिंचाई योजना | ७ | | | | |
| 20 | मेलिगारे सिंचाई योजना | ७ | | | | |
| 21 | कालाखार  सिंचाई योजना | ७ | | | | |
| 22 | काप्रिचौर राकम सिंचाई योजना | ७ | | | | |
| 23 | गैले कुलो सिंचाई योजना | ७ | | | | |
| 24 | बडढुङ्गा सिंचाई योजना | ७ | | | | |
| 25 | तालिगाड सिंचाई योजना | ७ | | | | |
| 26 | तामा सिंचाई योजना | ७ | | | | |
| 27 | झिङना सिंचाई योजना | ७ | | | | |
| 28 | पाखापानी सिंचाई योजना | ७ | | | | |
| 29 | खोली सिंचाई योजना | ७ | | | | |
| 30 | बडढुङ्गा सिम्टाले अम्रै सिंचाई योजना | ७ | | | | |
| 31 | गैले बगर सिंचाई योजना | ७ | | | | |
| 32 | पल्लो गैले सिंचाई योजना | ७ | | | | |
| 33 | काप्रिचौर आकाशेपानी संकलन सिंचाई योजना | ७ | | | | |
| | | | | | | |
| | | | | | | |
| १ | लामटाडा टिमुरे सिचाई योजना | ८ | 31 | 394 | 2577920 | |
| २ | रायसिमल भलटाकुरा  सिचाई योजना | ८ | 8 | 277 | 528940 | |
| ३ | कालाखारा  सिचाई योजना | ८ | 16 | 222 | 530265 | |
| ४ | भल टाकुरा सिचाई योजना | ८ | 42 | 453 | 946580 | |
| ५ | वर्णे देखि कुन्ताल, वेलघारी सिचाई योजना | ८ | | | | |
| ६ | आतातिउरी सिचाई ड्याम | ८ | | | | |
| ७ | कुइरी मुल सिंचाई ड्याम | ८ | | | | |
| ८ | साहुखोला जलजला कुमाल टोल ड्याम | ८ | | | | |
| ९ | खेल्नेचौर सिंचाई ड्याम | ८ | | | | |
| १० | चन्दटोल सिंचाई योजना | ८ | | | | |
| ११ | मल्लटोल पोखरी सिंचाई योजना | ८ | | | | |
| १२ | माल्प पोखरी सिंचाई योजना | ८ | | | | |
| १३ | जैसीधारा सिंचाई योजना | ८ | | | | |
| १४ | लयपोखरा आकाशेपानी सिंचाई योजना | ८ | | | | |
| १५ | छेडा खाली सिंचाई योजना | ८ | | | | |
| १६ | मुग्रा शिवमन्दिर सिंचाई योजना | ८ | | | | |
| १७ | घलेना पिपल खेत सिंचाई योजना | ८ | | | | |
| | | | | | | |
| १ | कालढुङ्गा सिचाई योजना | ९ | 6 | 19 | 253870 | |
| २ | माथिल्लो अडसेरा सिचाई योजना | ९ | 11 | 110 | 1003687.5 | |
| ३ | राते बगर  सिचाई योजना | ९ | 7 | 56 | 937305 | |
| ४ | तल्लो अडसेरा सिचाई योजना | ९ | 11 | 117 | 996532.5 | |
| ५ | माथिल्लो भट्टेतरा सिचाई योजना | ९ | 12 | 38 | 647766 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | तल्लो भट्टेतरा सिचाई योजना | ९ | 11 | 28 | 338140 | |
| ७ | खहरे कुचितडा सिचाई योजना | ९ | 29 | 264 | 251962 | |
| ८ | मुंगली सिचाई योजना | ९ | 22 | 170 | 303690 | |
| ९ | टाटे सिचाई योजना | ९ | | | | |
| १० | हिमाने सिचाई योजना | ९ | | | | |
| ११ | आशन्तारा सिचाई योजना | ९ | | | | |
| १२ | रजेना सिचाई योजना | ९ | | | | |
| १३ | कोचेना सिचाई योजना | ९ | | | | |
| १४ | दारिमे  सिचाई योजना | ९ | | | | |
| १५ | कपढार सिचाई योजना | ९ | | | | |
| १६ | गितरा सिचाई योजना | ९ | | | | |
| १७ | कोइराले सिचाई योजना | ९ | | | | |
| १८ | खोपरीखोला सिचाई योजना | ९ | | | | |
| १९ | चल्लेखोर सिचाई योजना | ९ | | | | |
| १९ | सुनार खोला साझखेत सिचाई योजना | ९ | | | | |

सिम्ता गाउँपालिकामा सञ्चालित परम्परागत सिंचाई योजनाहरु सानोतिनो मर्मत देखि ठुलो मर्मत गर्नुपर्ने देखिन्छ । पहिले पहिलेका मानिसहरु सामाजिक थिए । तिनीहरुमा हाम्रो भन्ने भावना थियो र सिंचाइ प्रणालीहरु समुदाय आफैले व्यवस्थापन गरेका थिए । तर अहिले उपभोक्ताहरुको आत्मनिर्भरताको भावनामा कमी आएको कारणले समुदायमा आधारित योजनाहरुको मर्मत संभारको आवस्था धेरै सन्तोषजनक देखिन्न ।

# अध्याय पाचँ

## योजना तर्जुमाका सैदान्तिक आधारहरु

### ५.१ योजना तर्जुमाका सैदान्तिक आधारहरु

जलउपयोग गुरुयोजनाले अन्तर्राष्ट्रिय स्तरको IWRM सिद्धान्त तथा नेपाल सरकारको नीति र निर्देशिकालाई अनुसरण गर्दै विकास योजनाको रणनीति तयार गर्दछ । डबलिन सिद्धान्तलाई यहाँ विशेष प्राथमिकता दिइएको छ जुन पानी र दिगो विकास सम्वन्धी संयुक्त राष्ट्र संघको एक अनुसरण गर्नु पर्ने प्रतिवेदन हो । यस डबलिन सिद्धान्तले पानीको दुरुपयोग तथा अत्याधिक उपयोगले गर्दा उत्पन्न भएको बढ्दो पानीको अभाव प्रति ध्यानाकर्षित गराएको छ । डबलिन सिद्धान्तले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पानीको अभावलाई घटाउनको लागि प्रकाश पारेका निम्न सिद्धान्तहरुलाई यस जलउपयोग गुरुयोजनामा अनुसरण गरिएको छ ।

**सिद्धान्त १ :** शुद्ध पानी सीमित जोखिमयुक्त श्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ ।

**सिद्धान्त२**: पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्मातालाई समाहित गर्दछ ।

**सिद्धान्त ३** : पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपूर्ण भूमिका हुन्छ ।

**सिद्धान्त ४** : पानीको आर्थिक महत्व पनि छ ।

IRCले सन् १९९९ मा डबलिन सिद्धान्तको आधारमा IWRM को ८ वटा निर्देशित सिद्धान्त पहिचान गरेको छ । यी सिद्धान्तहरुलाई यहाँ सिम्ता गा.पा.को जलउपयोग गुरुयोजना तयार पार्ने क्रममा प्रयोग गरिएको छ । जसलाई तल प्रस्तुत गरिएको छ ।

- जलश्रोत र त्यस वरिपरिको क्षेत्र संरक्षण तथा सम्वर्दन गर्नु जरुरी छ ।
- पानीको विभाजन वारे राष्ट्रिय परिधिभित्र पर्ने सरोकारवालाहरुबीच सहमति गर्नु पर्छ ।
- पानीको व्यवस्थापन तल्लो स्तरबाटै गर्नु पर्छ ।
- क्षमता अभिवृद्धि दिगो विकासको निमित्त अपरिहार्य छ ।
- सम्पूर्ण सरोकारवालाहरुको सहभागिता आवश्यक छ ।
- प्रभावकारी रुपमा पानीको प्रयोग गर्नु पर्छ र यसो गर्नु नै आफैमा पानीको एक महत्वपूर्ण श्रोत सिर्जना गर्नु हो ।
- पानीलाई आर्थिक तथा सामाजिक महत्वको वस्तुको रुपमा लिनु पर्छ ।
- लैङ्गिक समानाता स्थापना गर्नु पर्छ ।

यो जलउपयोग गुरुयोजनाले यी माथिका सिद्धान्तहरुलाई अनुसरण गर्दै जलउपयोग गुरुयोजनाको विकास गरेको छ । यसको अतिरिक्त पानीको कठिनाई, वहुउपयोग र समुदायको तत्परतालाई पनि पानीको विकास रणनीतिको रुपमा लिएको छ । नेपाल सरकारले पानी र सरसफाइलाई आधारभूत मानव अधिकारको रुपमा लिएको छ । सन् २०१७ सम्म शत प्रतिशत पानी र सरसफाईको सुविधा पुऱ्याउने नेपाल सरकारको लक्ष्य रहेको छ । नेपाल सरकारको लक्ष्यलाई यस योजना तयारीको समयमा ध्यान दिइएको छ । यो योजनाले लैङ्गिक समावेशीकरण तथा गरिबीलाई पनि उत्तिकै महत्व दिएको छ । यी सिद्धान्तहरुलाई आधारमानी, जनसहभागितालाई महत्व दिई तल उल्लेखित गा.पा. स्तरीय र वडा स्तरीय योजना तर्जुमा गरी यो गुरुयोजना तयार पारिएको छ ।

## ५.२ कार्यान्ववयन गर्ने विधि

जलउपयोग गुरुयोजनाको विकास र अन्तिम रुप दिए पश्चात पहिचान गरिएका योजनाहरुलाइ चरणबद्ध रुपमा कार्यान्वयमा लैजानु आवश्यक छ । समुदायका सदस्यहरुसंग छलफल गरी सरोकारवालाहरुको सहकार्यमा सहभागितात्मक रुपले कार्यान्वयन गर्नुपर्दछ । कार्यान्वयन गरिएका योजनाहरुको दिगोपनाको मुद्धालाई पनि ध्यान दिनु पर्ने हुन्छ । त्यसैले संस्थागत सहयोग, सञ्चालन र मर्मत संभारको मुद्धालाई गहिरो रुपले ध्यान दिनु आवश्यक छ ।